Remove Watermark Now

अ.पृष्ठभूमि :

नेपाल सरकारको नीति, कार्यक्रम र विभिन्न कानुनी दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामुदायिक समावेशीकरणका मुद्दाहरुलाई सम्वोधन गर्दै राष्ट्रिय प्राथमिकता दिइएको छ । विकेन्द्रिकृत प्रक्रिया अनुसार स्थानीय स्तरको योजना र कार्यक्रम तर्जुमाका सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवं मूलप्रवाहीकरणका प्रकृयामा आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता व्यक्त भएका छन् । लैङ्गिकसमानता तथा सामाजिक समावेशीकरण कायम गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार स्थानीय निकायले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्दा महिला र बालबालिका तथा पिछडिएको समुदायको विकासका लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ ।

नेपाल सरकारको आर्थिक वर्ष २०६४/०६५ को बजेट वक्तव्यमा उल्लेख भएका लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गर्ने कुरालाई संस्थागत गरिनेछ भन्ने नीतिलाई कार्यान्वयन एवं स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ मा भएको व्यवस्था अनुसार मूलतः स्थानीय निकायमा लैङ्गिक तथा समावेशी विकास पक्षलाई विकास एवं प्रवर्द्धन गर्न नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

यसैगरी आ.व. २०६४/०६५ देखि कार्यान्वयनमा आएको लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई स्थानीयकरण गरी स्थानीयस्तरसम्म लैजाने उद्धेश्यले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्थानीय र क्षेत्रगत निकायहरुले संचालन गरेका कार्यक्रमहरुलाई लैङ्गिक संवेदनशील दृष्टिकोण अवलम्बन गर्न सहयोग पुऱ्याउन प्रचलनमा ल्याईएका सूचकका लागि उपसूचक तथा सोको मापन गर्न परीक्षण सूचिहरु निर्धारण गरी लैङ्गिकउत्तरदायी बजेट तर्जुमा स्थानीयकरण रणनीति २०७२ कार्यान्वयनमा ल्याइएको छ ।

लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण एउटा सहभागितात्मक विश्लेषण गर्ने, सिकाइ गर्ने र मूल्याङ्कन गर्ने विधि हो, जसबाट दायित्व, उत्तरदायित्व र सुशासनलाई प्रवर्द्धन गर्ने परियोजना, संस्था वा संगठनको उद्देश्य, कार्यक्रम र वजेट, कार्य प्रविधि, कर्मचारी, नेतृत्व, कार्य शैली, मूल्याङ्कन सूचक र अपेक्षित उपलब्धि आदिमा लैससास परीक्षण गर्दछ । यो एक मूल्याङ्कन विधि पनि हो जसले सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष र लैससासको लागि चाहिने पहलहरुको सिकाइ गर्दछ । यो एउटा लेखाजोखा हो, जसमा महिला र पुरुषबिच तुलनात्मक रुपमा लेखाजोखा, अध्ययन गरिन्छ । महिला पुरुषको वास्तविक अवस्थाको पहिचान गरी लैङ्गिक मूलप्रवाहीकरणको प्रकृयामार्फत सारभूत समानता प्राप्त गर्ने गरिने कार्य लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण *(Gender Responsive and Social inclusive Audit )* हो । लैङ्गिक समानता स्थापना गर्न यो एउटा सशक्त औजारका रुपमा लिइन्छ । लैङ्गिक विषय सामाजिक, सांस्कृतिक संरचनासँग सम्बन्धित हुने भएकोले लैङ्गिक परीक्षणले महिला पुरुष बीच भौतिक तत्व भन्दा बैचारिक र भावनात्मक तत्वलाई आधारको रुपमा लिइन्छ । यो लैङ्गिक परीक्षण मूल्याङ्कनमात्र नभई सहभागितामूलक लेखाजोखा हो ।

लैङ्गिक परीक्षणको प्रकृयागत चरणको अन्तमा लेखाजोखाको सम्पूर्ण कृयाकलाप पछि प्रतिवेदन लेखन तथा प्रस्तुति मुख्य कार्य हो । जसले अध्ययनको निष्कर्ष र सुधारका लागि सिफारिसहरु प्रस्तुत गर्दछ । इलाम नगरपालिका कार्यालय, इलामको लैङ्गिक परीक्षणको क्रममा कार्यालयका कर्मचारीहरुसँग भएका गोष्ठी, सरोकारवालाहरुसँगको भेटवार्ता, लक्षित वर्गहरुसँगको छलफल, अन्तवार्ता, अवलोकन, दस्तावेज अध्ययनबाट केही महत्वपूर्ण निष्कर्ष र सिफारिसहरुका साथ यो प्रतिवेदन प्रस्तुत गरिएको छ ।

लैससास परीक्षणका लागि स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका,२०६८ अनुसार यस नगरपालिकामा पनि लैङ्गिक वजेट परीक्षणको आवश्यकतालाई महसुस गरी आ.व. २०७१/०७२ देखि थालनी गरिएको छ । यस परीक्षणवाट स्थानीय निकायमा संचालित कार्यक्रम तथा

Remove Watermark Now

आयोजनाहरु यथार्थ रुपमा लैङ्गिक सम्वेदनशीलता र लैङ्गिक मैत्रीका हिसावमा कति उत्तरदायी छन ? भन्ने कुरा थाहा पाउन सफल भएको छ । संस्थागत लेखाजोखाको लागि प्रयोग गरिने विधिमा स्थानीय निकायको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास, लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्बन्ध विस्तार तथा नेपाल सरकारका प्रतिवद्धताहरु गरी प्रमुख आठवटा शीर्षकहरु भित्र उपशीर्षकहरु राखिएका छन् । ती उपशीर्षकलाई प्रष्ट वनाउनका लागि प्रत्येक उपशीर्षकमा सूचकहरु राखिएका छन् । तिनै सूचकहरुको आधारमा इलाम नगरपालिकाका कर्मचारीहरुसंग छलफल गरी इलाम नगरपालिका, इलामको आ.व. २०७२।०७३ को लैङ्गिक बजेट परीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार पारीएको छ ।

**आ.उद्देश्य :**

विकास क्रियाकलापहरु लैङ्गिक मैत्री, लैङ्गिक सहभागिता तथा समावेशी विकासको अवधारणा बमोजिम भए नभएको कुरा लैङ्गिक बजेट परीक्षणको माध्यमबाट लेखाजोखा गरी आगामी दिनहरुमा सुधार गर्दै जाने ।

**इ. लैङ्गिक बजेट परीक्षण विधि :**

इलाम नगरपालिकाद्धारा संचालन गरीने विकास क्रियाकलापहरु कुन हदसम्म लैङ्गिक समावेशी भए भनी लेखाजोखा गर्न तपसिल बमोजिमको लैङ्गिक बजेट परीक्षण विधि अवलम्वन गरिएको छ ।

१. इलाम नगरपालिकाका कर्मचारीहरुको सहभागिताद्धारा लेखाजोखाको ढाँचा अनुसारको प्रश्नावलीहरुमा छलफल गरी अंक प्रदान गरियो ।
२. महिलाको सहभागिता हेर्दा लक्षित महिला वा समूह, संजाल कुन हो भन्ने कुरालाई पनि विश्लेषण गरिएको थियो ।
३. प्रत्येक सूचकहरुमा प्राप्त अंकको आधारमा संस्थाको वर्तमान अवस्था माकुरेजालोमा चित्रण गरियो ।
४. प्राप्ताङ्क र चित्र छलफलको आधारमा स्थानीय निकायको सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु पहिचान गरियो । पूर्णाङ्क अंक प्राप्तलाई सवल पक्ष र त्यसभन्दा कम प्राप्ताङ्कलाई सुधार गर्नुपर्ने पक्षमा राखिएको छ ।
५. पहिचान गरिएका सुधार गर्नु पर्ने पक्षहरुलाई समाधान गर्ने हिसाबले कार्य योजना तयार गरी यस कार्ययोजनालाई स्थानीय निकायले नियमित अनुगमन गर्ने व्यवस्था गरिएको छ ।

स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८ को अधिनमा रही तपसिलका सूचकहरुको आधारमा इलाम नगरपालिका कार्यालय, इलामको लैङ्गिक बजेट परीक्षण सम्पन्न गरिएको छ ।

**नोटः ०=शुन्य , ०.५=ठिकै, १=राम्रो**

| क.स. | सूचक र उप सूचकहरु | अंक | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | **स्थानीय निकायको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास** | १२ | १० | |
| १.१ | **स्थानीय निकायको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास(आवधिक र वार्षिक योजनामा)** | ४ | ४ | |
| क | स्थानीय निकायको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्वन्धी स्पष्ट दीर्घकालीन सोच वा परिकल्पना छ | ०-१ | १ | |

Remove Watermark Now

| | | | | |
|---|---|---|---|---|
| | /छैन | | | |
| ख | स्थानीय निकायको उद्देश्यले महिला र पुरुषबीच समानता तथा सामाजिक समावेशीकरणका कुराहरुलाई समेटेको छ /छैन | ०-१ | १ | |
| ग | महिला र पुरुषबीचको असामनता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित कार्यनीति छ /छैन | ०-१ | १ | |
| घ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित रणनीति छ /छैन | ०-१ | १ | |
| १.२ | **महिला पुरुष समविकास(कर्मचारी/पदाधिकारी)** | ४ | | २ |
| क | स्थानीय निकायका कर्मचारीहरुको पदपूर्ति गर्दा सबै जनजाति, बर्ग लिङ्ग र समुदायका बिच समाबेशीकरण हुने गरी कर्मचारीहरुको प्रतिनिधित्व हुनसक्ने रणनीति लिइएको छ/छैन | ०-१ | १ | |
| ख | स्थानीय निकायमा लैङ्गिक विकास हेर्ने इकाइको ब्यबस्था छ /छैन( लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति) | ०-१ | १ | |
| ग | स्थानीय निकायको निर्णायक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरुको समान (५० र ५०) प्रतिनिधित्व रहेको छ/छैन | ०-१ | ० | |
| घ | महिला र पुरुष कर्मचारीहरुको संख्यामा समानता छ/ छैन( स्थानीय निकायले नियुक्ति गर्ने हकमा मात्र लागु हुने) | ०-१ | ० | |
| १.३ | **लैङ्गिक तथा समावेशी संवेदनशील कार्य प्रणाली** | ४ | | ४ |
| क | महिला कर्मचारीहरुको गर्भावस्था र बच्चालाई स्तनपान सम्वन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ/छैन(गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त कममा लगाउन नपाइने) | ०-१ | १ | |
| ख | महिला र पुरुषका लागि शौचालयको व्यवस्था छ /छैन | ०-१ | १ | |
| ग | कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ /छैन | ०-१ | १ | |
| घ | महिला माथि हिसा भएमा तत्काल सुनुवाईको व्यवस्था छ /छैन | ०-१ | १ | |
| २ | **स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूल प्रवाहीकरण** | १२ | | ७ |
| २.१ | **लैङ्गिक तथा समावेशी बिकासको लागि क्षमता विकास बजेट** | ४ | २ | |
| क | स्थानीय निकायका पदाधिकारी/कर्मचारीहरुले लैङ्गिक तथा समाबेशी विकास सम्बन्धी तालिम लिएका छन् वा छैनन् | ०-१ | ० | |
| ख | तालिम/ अनुशिक्षण/ गोष्ठी संचालन गर्न गत वर्ष पर्याप्त रकमको ब्यबस्था थियो वा थिएन ? | ०-१ | ०.५ | |
| ग | त्यो तालिममा महिला र पुरुषको समान सहभागिताको सुनिश्चता गरेको थियो वा थिएन ? | ०-१ | ०.५ | |
| घ | तालिमका बिषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक संवेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको | ०-१ | १ | |
| २.२ | **क्षमता विकास कार्यक्रममा महिला पुरुष सहभागिता** | ४ | | ४ |
| क | उपभोक्ता समितिमा ३३% महिलाहरुको सहभागिता छ ? | ०-१ | १ | |
| ख | उपभोक्ता समितिका महिला तथा लक्षित समूहका पदधिकारीहरुलाई तालिमको व्यवस्था छ ? | ०-१ | १ | |
| ग | क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र | ०-१ | १ | |

Remove Watermark Now

| | | | | |
|---|---|---|---|---|
| | स्थान छनौटका लागि छलफल गर्ने प्रक्रियामा महिला र पुरुष सरोकारवालाहरुलाई समान रुपमा सहभागी गराईन्छ ? (वडा स्तर सम्म) | | | |
| घ | महिला तथा लक्षित समूहका पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यकमहरु ( प्राबिधिक तालिमहरु, क्षमता विकास तालिम, भ्रमण) छन्?सो अनुसारको बजेट बिनियोजन गरिएको छ ? | ०-१ | १ | |
| २.३ | **स्थानीय निकायको क्षमता विकास कार्ययोजना** | ४ | १ | |
| क | स्थानीय निकायको क्षमता विकास कार्ययोजना तयार गरेको छ ? | ०-१ | १ | |
| ख | के स्थानीय निकायको क्षमता बिकास योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी,महिला समन्वय समिति एवं लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरुको क्षमता विकासको व्यवस्था गरेको छ ? | ०-१ | ० | |
| ग | के स्थानीय निकायका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण नियमित रुपमा गर्न बजेटको ब्यवस्था गरेको छ ? | ०-१ | ० | |
| घ | उक्त परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजनाका लागि पर्याप्त बजेटको ब्यवस्था गरेको छ ? | ०-१ | ० | |
| ३ | **लक्षित कार्यक्रम** | १२ | १०.५ | |
| ३.१ | **कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता** | ४ | २.५ | |
| क | के स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/ तथ्यांँक संकलन गर्ने गरेको छ ? (महिला, पुरुष , वालवालिका, सबै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत नेपाल सरकारले लक्षित समूह भनी तोकिएका अन्य वर्ग एवम् समुदायका महिला र पुरुष) | ०-१ | ०.५ | |
| ख | के कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुश्लिम, पिछडा वर्ग र दलित लगायतका सबै जनजाति र विपन्न वर्गका समूहहरुसंग वसेर समस्या केलाउने ( विश्लेषण गर्ने गरिन्छ ? विपन्नता स्तरीकरण भएको छ? (दुवै भए ( १) र एक मात्र भएमा (०.५) चिन्ह दिने | ०-१ | ०.५ | |
| ग | के स्थानीय निकायको योजना लक्षित समूहहरुले तयार गरेको कार्यक्रममा आधारित हुन्छ ? | ०-१ | ०.५ | |
| घ | के स्थानीय निकायको योजनामा लक्षित समूहहरुको लागि छुट्टयाएको बजेट ( १० प्रतिशत महिला,१० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक बञ्चितिकरणमा परेको वर्ग) विनियोजन गरी उनीहरुको हितको लागि कार्यक्रम तर्जुमा गरी समयमै बजेट खर्च गरिएको छ ? | ०-१ | १ | |
| ३.२ | **महिला उत्थानका लागि कार्यकमहरु** | ४ | ४ | |
| क | महिलाहरुको स्वास्थ्य सुधार सम्वन्धी बिशेष कार्यकमहरु संचालित भएका छन ?(जस्तोः सुत्केरी हुँदाको अबस्था सुधार गर्न किशोरीहरुको लागि प्रजनन र यौन शिक्षा आदान प्रदान गर्न, एचआईभी एडस्, स्तन क्यान्सर, | ०-१ | १ | |

iSkysoft

Remove Watermark Now

| | | | | |
|---|---|---|---|---|
| | पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न, स्वास्थ्य शिविरहरु राख्ने) | | | |
| ख | महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु संचालित भएका छन्? ( जस्तोः अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरु, साथी शिक्षा,कार्यमूलक प्रौढ शिक्षा, बच्चादेखि बच्चा कक्षा, आदि) | ०-१ | १ | |
| ग | महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालित भएका छन् ? (जस्तोः कानुनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिवेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडि प्रथा बिरुद्ध कार्यक्रम आदी बारे अनुशिक्षण गर्न) | ०-१ | १ | |
| घ | महिलाहरुको लागि कानूनी शिक्षा सम्बन्धी संचालन कार्यक्रमहरु संचालनवाट लाभान्वित भएका छन ? (जस्तोः कानुनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम आदिवारे अनुशिक्षण गर्न) | ०-१ | १ | |
| ३.३ | **स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरु** | ४ | ४ | |
| क | स्थानीय निकायको योजना तर्जुमा गर्दा लक्षित समूहहरुको सक्रिय सहभागितामा तय गर्ने गरिएको छ ? | ०-१ | १ | |
| ख | स्थानीय निकायको योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभ हुने र महिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु राख्ने गरिएको छ ? | ०-१ | १ | |
| ग | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने गराउने गरिएको छ? | ०-१ | १ | |
| घ | स्थानीय निकायको योजना कार्यान्वयनबाट लक्षित समूहहरु लाभान्वित भएका छन ? | ०-१ | १ | |
| ४ | **लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन,अनुगमन र मुल्यांकन** | १२ | ८.५ | |
| ४.१ | **योजना तर्जुमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | ४ | १ | |
| क | के स्थानीय निकायले आफ्नो क्षेत्रका समुदाय स्तरका आधारभूत सूचना तथ्याँक संकलन गर्ने गरेको छ ? के स्थानीय निकायले खण्डीकृत तथ्याँकको समयसमयमा अध्यावधिक गर्ने गरेको छ? | ०-१ | ० | |
| ख | के योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरुको छुट्टाछुट्टै अवस्था बिश्लेषण र आवश्यकता पहिचान गर्ने गरिएको छ ? र सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको छ ? | ०-१ | ०.५ | |
| ग | के स्थानीय निकायले योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रकिया अबलम्बन गरी कार्ययोजना तयार गर्ने गरिन्छ ? | ०-१ | ० | |
| घ | के गत बर्षको वार्षिक योजना अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्य योजनाका सबै क्रियकलापहरु सम्पन्न भए? | ०-१ | ०.५ | |
| ४.२ | **योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | ४ | ३.५ | |
| क | के कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा सम्वन्धित समुदायका महिला तथा पुरुष वर्गहरुको सक्रिय सहभगितामा गर्ने गरिएको छ ? | ०-१ | १ | |

Remove Watermark Now

| | | | | |
|---|---|---|---|---|
| ख | के कार्यक्रम तथा परियोजना कार्यान्वयन वाट सम्बन्धीत समुदायले पुरा लाभ लिन सकेको छ ? | ०-१ | १ | |
| ग | उपभोक्ता समितिले गर्ने कार्यहरुमा महिला तथा लक्षित समुहको सहभागिता छ ? साथै उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक जना महिला पदाधिकारी रहेको छ? लाभान्वित समूहमा दलित, आदीवासी जनजाति, पिछिडिएका समुदाय वर्ग, मधेशी, मुश्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनिहरुको समेत प्रतिनिधित्व रहेको छ ? | ०-१ | १ | |
| घ | के स्थानीय निकायले आफ्नो सम्पूर्ण कार्यकममा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने गरेको छ ? | ०-१ | ०.५ | |
| ४.३ | **अनुगमन तथा मुल्याङ्कन** | ४ | ४ | |
| क | के स्थानीय निकायको सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता के कम्तीमा ३३ प्रतिशत छ ? | ०-१ | १ | |
| ख | के स्थानीय निकायमा अनुगमन, मूल्यांकन गर्दा समानता तथा सामाजिक समावेशी विकासका कार्यकमको संचालनवाट महिला र पुरुष तथा बिभिन्न जातजातिलाई पुगेको लाभ, असर, र प्रभाव बिश्लेषण गर्ने गरिन्छ? | ०-१ | १ | |
| ग | के स्थानीय निकायमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति छ? | ०-१ | १ | |
| घ | के अनुगमन तथा मूल्यांकनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | ०-१ | १ | |
| ५ | **आन्तरिक संरचना** | १२ | ११ | |
| ५.१ | **स्थानीय निकायमा महिला तथा लक्षित समूहको सहभागिता** | ४ | ४ | |
| क | आदिवासी जनजाति विकासको लागि गठित भएको समितिमा निर्देशिका बमोजिम महिला सहभागिता छ? | ०-१ | १ | |
| ख | लक्षित वर्ग उत्थानका लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ? | ०-१ | १ | |
| ग | आदिवासी जनजाति र दलित वर्ग उत्थानका विकासको लागि गठन भएको समितिका पदाधिकारीहरु, लक्षित समूहहरुको कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय भूमिका रहेको छ? | ०-१ | १ | |
| घ | के नगरपालिकामा महिला समन्वय समिति गठन भई नगरपालिकामा महिलाहरुको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०-१ | १ | |
| ५.२ | **वित्त तथा लेखा व्यवस्थापन** | ४ | ३ | |
| क | महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको छ ? | ०-१ | १ | |
| ख | आदिवासी जनजाति, दलित अन्य लक्षित समूहका महिलाहरुको विकासका लागि वजेटको व्यवस्था भएको छ ? उनीहरुको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | ०-१ | १ | |
| ग | लैङ्गिक डेस्कको लागि बजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | ०-१ | ० | |
| घ | कम्प्युटरमा लेखा प्रणाली व्यवस्थापन गरिएको छ ? | ०-१ | १ | |
| ५.३ | **स्थानीय निकायमा गठित समिति** | ४ | ४ | |

iSkysoft

Remove Watermark Now

| | | | | |
|---|---|---|---|---|
| क | के न.पा. अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरी सक्रिय रुपमा संचालनमा छ ? | ०-१ | १ | |
| ख | नगर स्रोत अनुमान समिति, नगरपालिका एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्चमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता छ ? | ०-१ | १ | |
| ग | महिला समन्वय समिति, आदिवासी जनजाति नगर समन्वय समिति, दलित वर्ग उत्थान नगर समन्वय समिति, बाल क्लब, पिछडा वर्ग नगर समन्वय समितिको गठन गरी नगरपालिको योजना प्रकियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ ? | ०-१ | १ | |
| घ | स्थानीय निकायको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा यी समितिहरुवाट सहभागिता हुन सक्ने गरी सुनिश्चित गरिएको छ ? | ०-१ | १ | |
| ६ | **सुशासन** | १२ | ११ | |
| ६.१ | **पारदर्शिता /जवाफदेहिता** | ४ | ४ | |
| क | के स्थानीय निकायले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गर्दछ ? | ०-१ | १ | |
| ख | के महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको छ ? | ०-१ | १ | |
| ग | के स्थानीय निकायको समीक्षा बैठकमा महिला, बालबालिका सबै जातजातिका विपिन्न वर्ग (आदिवासी जनजाति, दलित, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठ नागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको छ ? | ०-१ | १ | |
| घ | के स्थानीय निकायले महिला, बालबालिका सबै जातजातिका विपिन्न बर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक लगायतलाई सेवा सुविधाहरु छिटो छरिता ढंगबाट दिने गरेको छ ? | ०-१ | १ | |
| ६.२ | **सूचना व्यवस्थापन** | ४ | ३ | |
| क | के स्थानीय निकायले सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत र सूचनालाई आधार मानी नगर विकास योजना गर्ने गरेको छ ? | ०-१ | १ | |
| ख | के स्थानीय निकायको सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको छ ? | ०-१ | १ | |
| ग | के स्थानीय निकायले आ–आफ्ना क्षेत्रका पन्जीकरणको तथ्याङ्क अध्यावधिक गर्ने गरेका छन ? | ०-१ | १ | |
| घ | के स्थानीय निकायमा खण्डीकृत तथ्याङ्कलाई कम्प्युटरकृत गरिएको छ ? | ०-१ | ० | |
| ६.३ | **सूचना शिक्षा र संचार** | ४ | ४ | |
| क | के स्थानीय निकायमा स्थानीय रेडियो, एफ.एम र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ? | ०-१ | १ | |
| ख | के स्थानीयस्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्गको सूचना शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट जनचेतनामा वृद्धि भएको छ ? | ०-१ | १ | |
| ग | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्नवर्ग लगायत अन्य लक्षित समुहको सूचना,शिक्षा र संचारको कार्यक्रमको प्रवाहवाट यी वर्गहरुको जनचेतनामा अभिबृद्धि भई यी वर्गहरुको स्थानीय निकायको विकास कार्यहरुमा सहभागिता वृद्धि भएको छ ? | ०-१ | १ | |
| घ | के स्थानीय निकायले स्थानीय पत्रकारहरुद्वारा स्थानीय स्तरमा सूचना | ०-१ | १ | |

Remove Watermark Now

| | | | | |
|---|---|---|---|---|
| | प्रवाह गर्दछ ? | | | |
| ७ | **मानव संसाधन, सम्वन्ध विस्तार** | १२ | २ | |
| ७.१ | **मानव संसाधन व्यवस्थापन** | ४ | १ | |
| क | स्थानीय निकायमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट श्रोत छन् ? | ०-१ | ० | |
| ख | स्थानीय निकायमा मानव संसाधन विकास केन्द्र र एकाइ छ ? | ०-१ | १ | |
| ग | स्थानीय निकायले बैदेशिक रोजगारीमा जाने महिलाहरुको क्षमता विकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने गरेका छन ? | ०-१ | ० | |
| घ | श्रोत व्यक्ति (महिला, पुरुष) हरुको सूचीकृत अभिलेख छ ? | ०-१ | ० | |
| ७.२ | **संम्बन्ध विस्तार** | ४ | ० | |
| क | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत संयन्त्र(संजाल) बनेको छ ? | ०-१ | ० | |
| ख | लैङ्गिक समानता तथा समावेशी विकासको लागि कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको छ ? | ०-१ | ० | |
| ग | लैङ्गिक समानता तथा समावेशी विकासको लगि विभिन्न कार्यालयहरुबीच कार्यगत संयन्त्र(संजाल) का प्रतिनिधिहरुलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरु प्रदान गर्ने गरेको छ ? | ०-१ | ० | |
| घ | स्थानीय निकायका कर्मचारीहरुले आन्तरिक र वाहय श्रोत व्यक्तिहरु संग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव संम्बन्धी अध्ययन गर्ने गरेका छन ? | ०-१ | ० | |
| ७.३ | **व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति** | ४ | १ | |
| क | योजना तर्जुमा गर्दा महिलाहरुको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भएको छ ? | ०-१ | १ | |
| ख | ग्रामिण महिला प्रविधिकहरु (पशु सेवा, कृषि , स्वास्थ्य र पूर्वाधार सम्वन्धी) तयार गर्ने गरेको छ ? | ०-१ | ० | |
| ग | लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरणका लागि नगरपालिकाका अल्पकालीन र दीर्घकालीन योजना तयार गरिएको छ ? | ०-१ | ० | |
| घ | महिलाहरुको लागि लोकसेवा आयोग पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था गरेको छ ? | ०-१ | ० | |
| ८ | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | १२ | ७ | |
| ८.१ | **नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन** | ४ | २ | |
| क | सहस्राब्दी विकासका लक्ष्यहरु प्राप्त गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरेको छ ? | ०-१ | १ | |
| ख | सहस्राब्दी विकासका लक्ष्यहरु प्राप्त गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट बिनियोजन गरी कार्यक्रमहरु समयमै सम्पन्न गरेको छ ? | ०-१ | १ | |
| ग | महिला विकासका लागि भएका बेइजिङ्ग घोषण पत्रका वाह्रवटा प्रतिवद्धताहरुका बारेमा स्थानीय निकायका पदाधिकारीहरु वा कर्मचारीहरुलाई जानकारी छ ? सो को लगि अभिमुखीकरण गरिएको छ ? | ०-१ | ० | |
| घ | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा | ०-१ | ० | |

iSkysoft

Remove Watermark Now

| | | | | |
|---|---|---|---|---|
| | प्रतिवद्धताहरुका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको छ? | | | |
| ८.२ | **महिला विरुद्ध हूने सवै खाले हिंसा निर्मूल पार्ने** | ४ | २ | |
| क | महिला विरुद्ध सबै खाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? | ०-१ | ०.५ | |
| ख | लैङ्गिक हिंसारहित न.पा. घोषणा गरेको छ ? | ०-१ | ० | |
| ग | १६ दिने महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु स्थानीय निकायहरुले संचालन गर्ने गरेको छ ? हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरुलाई सम्मान गर्ने कार्यक्रम मनाउने गरिएको छ ? | ०-१ | ०.५ | |
| घ | महिला हिंसा विरुद्ध शून्य सहिष्णुता अपनाएको छ ? | ०-१ | १ | |
| ८.३ | **नेपाल सरकारका सामाजिक समावेशी विकासको कार्यान्वयन** | ४ | ३ | |
| क | संयुक्त राष्टसङ्घीय बाल अधिकार महासन्धि १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम विनियोजन गरी कार्यक्रमहरु समयमै सम्पन्न गरेको छ ? | ०-१ | १ | |
| ख | के स्थानीय निकायबाट समाजमा रहेको विभिन्न जातिगत छुवाछुत सामाजिक सम्वन्धी कुरीति हटाउन कार्यक्रमहरु संचालन गर्ने गरेको छ ? | ०-१ | ०.५ | |
| ग | के स्थानीय निकायवाट आदिवासी जनजातिहरुका विकासको लागि कार्यक्रमहरु यी वर्गहरुको सहभागितामा संचालन गर्ने गरेको छ ? | ०-१ | १ | |
| घ | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यन्वयनका लगि तयार गरिएको राष्ट्रिय कार्य योजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदवाट पारित प्रस्ताव नम्वर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्य योजनामा स्थानीय निकयको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन गरिएको छ ? | ०-१ | ०.५ | |

iSkysoft

## ई. लैङ्गिकबजेट परीक्षणमा प्राप्तांक र माकुरेजालो विश्लेषण


### ई.१. लैङ्गिकबजेट परीक्षणको कूल प्राप्तांक र माकुरेजालो विश्लेषण

| क्र.सं. | सूचक र उपसूचकहरु | कुल अंक | जम्मा प्राप्तांक |
|---|---|---|---|
| १ | स्थानीय निकायको नीतिमा लैङ्गिक तथा समाजिक समावेशी विकास | १२ | १० |
| २ | स्थानीय निकायको क्षमता विकास योजनमा लैङ्गिक उतरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण | १२ | ७ |
| ३ | लक्षित कार्यक्रम | १२ | १०.५ |
| ४ | लैङ्गिक तथा समाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन | १२ | ८.५ |
| ५ | आन्तरिक संरचना | १२ | ११ |
| ६ | सुशासन | १२ | ११ |
| ७ | मानव संसाधन र सम्वन्ध विस्तार | १२ | २ |
| ८ | नेपाल सरकासरका लैङ्गिक तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता | १२ | ७ |

Remove Watermark Now

| | | | |
|---|---|---|---|
| | जम्मा | ९६ | ६६ |

ई.२ माकुरेजालो विश्लेषण




iSkysoft

उ. सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु

इलाम नगरपालिका कार्यालय इलामको लैङ्गिक बजेट परीक्षणबाट इ.न.पा.का सबल तथा सुधार गर्नुपर्ने पक्षहरुको लेखाजोखा हुनु हाम्रो प्रमुख उपलब्धिको रुपमा रहेको छ। जसलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छ :

१. स्थानीय निकायको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| • नगरपालिकाको उद्देश्यले महिला र पुरुषबीच समानता तथा सामाजिक समावेशीकरणका कुराहरुलाई समेट्ने गरेको । <br> • महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति बनाएको । <br> • महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि निश्चित रणनीति बनाएको । | |
| • लैङ्गिक विकास हेर्ने एकाइको व्यवस्था भएको | • निर्णायक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरुको समान (५० र ५०) प्रतिनिधित्व गराउनुपर्ने । <br> • महिला र पुरुष कर्मचारीहरुको संख्यामा समानता ल्याउनुपर्ने ( स्थानीय निकायले |

Remove Watermark Now

| | |
|---|---|
| | नियुक्ति गर्ने हकमा मात्र लागु हुने) |
| • महिला कर्मचारीहरुको गर्भावस्था र बच्चालाई स्तनपान सम्वन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको ।<br>• महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिएको ।<br>• कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको ।<br>• महिला माथि हिसा भएमा तत्काल सुनुवाइको व्यवस्था भएको । | |

२. स्थानीय निकायको क्षमता विकास योजनामा लैंङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| • तालिमका बिषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक संवेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको । | • नगरपालिकाका पदाधिकारी/कर्मचारीहरुलाई लैङ्गिक तथा समावेशी विकास सम्बन्धी तालिम प्रदान गरिनुपर्ने ।<br>• तालिम/ अनुशिक्षण/ गोष्ठी संचालन गर्न पर्याप्त रकमको व्यबस्था गरिनुपर्ने<br>• तालिममा महिला र पुरुषको समान सहभागिताको सुनिश्चता गरिनुपर्ने । |
| • उपभोक्ता समितिमा ३३% महिलाहरुको सहभागिता भएको ।<br>• उपभोक्ता समितिका महिला तथा लक्षित समुहका पदाधिकारीहरुलाई तालिमको व्यवस्था हुने गरेको ।<br>• क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र स्थान छनौटका लागि छलफल गर्ने प्रक्रियामा महिला र पुरुष सरोकारवालाहरुलाई समान रुपमा सहभागी गराउने गरेको ।<br>• महिला तथा लक्षित समूहका पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि निद्धिष्ट कार्यक्रमहरु ( प्राबिधिक तालिमहरु, क्षमता विकास तालिम, भ्रमण) र सो अनुसारको बजेट बिनियोजन गर्ने गरेको । | |
| • नगरपालिकाको क्षमताविकास कार्ययोजना तयार गर्ने गरेको । | • नगरपालिकाको क्षमता बिकास योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी,महिला समन्वय समिति एवं लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरुको क्षमता |

iSkysoft

Remove Watermark Now

| | |
|---|---|
| | विकासको व्यवस्था गरिनुपर्ने । <br>• क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण नियमित रुपमा गर्न बजेटको ब्यबस्था गरिनुपर्ने र <br>• उक्त परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजनाका लागि पर्याप्त बजेटका ब्यबस्था पनि गरिनुपर्ने |

३. लक्षित कार्यक्रम

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| • कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुश्लिम, पिछडा वर्ग र दलित लगायतका सवै जनजाति र विपन्न वर्गका समूहहरुसंग वसेर समस्या केलाउने गरेको । <br>• योजनामा लक्षित समूहहरुको लागि छुट्टयाएको बजेट ( १० प्रतिशत महिला,१० प्रतिशत बालबालिका, १५ प्रतिशतसामाजिक बञ्चितिकरणमा परेको वर्ग) विनियोजन गरी उनीहरुको हितको लागि कार्यक्रम तर्जुमा गरी समयमै बजेट खर्च गरिएको । | • आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/ तथ्यांक संकलन गर्नुपर्ने (महिला, पुरुष , वालवालिका, सबै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसि, मुश्लिम तथा पिछडावर्ग लगायत नेपाल सरकारले लक्षित समुह भनी तोकिएका अन्य वर्ग एवम् समुदायका महिला र पुरुष) <br>• विपन्नता स्तरीकरण गर्नुपर्ने । |
| • महिलाहरुको स्वास्थ्य सुधार सम्वन्धी बिशेष कार्यकमहरु संचालन भएको <br>• महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यकमहरु संचालन भएको <br>• महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी कार्यकमहरु संचालन भएको | |
| • योजना तर्जुमा गर्दा लक्षित समूहहरुको सकिय सहभागितामा तय गर्ने गरिएको <br>• योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभ हुने र महिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यकमहरु राख्ने गरिएको <br>• परिवार नियोजन , मातृ शिशु कल्याण,विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यकमहरुको तर्जुमा र कार्यान्वयन गर्ने गराउने गरिएको <br>• योजना कार्यान्वयनबाट लक्षित समूहहरु लाभान्वित भएको | |

४. लैङ्गिक तथा सामाजिक समावेशी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन

Remove Watermark Now

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| | • स्थानीय निकायले आफ्नो क्षेत्रका समुदाय स्तरका आधारभूत सूचना तथ्याँक संकलन गरी खण्डीकृत तथ्याँकको समयसमयमा अध्यावधिक गर्नु पर्ने<br>• योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरु को छुट्टाछुट्टै अवस्था बिश्लेषण र आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्नुपर्ने<br>• स्थानीय निकायले योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रकिया अबलम्बन गरी कार्ययोजना तयार गर्नुपर्ने<br>• वार्षिक योजना अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्य योजनाका सबै कियाकलापहरु सम्पन्न गर्नुपर्ने । |
| • कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा सम्वन्धित समुदायका महिला तथा पुरुष वर्गहरुको सक्रिय सहभागितामा गर्ने गरिएको ।<br>• कार्यक्रम तथा परियोजना कार्यान्वयन वाट सम्बन्धीत समुदायले पूरा लाभ लिन सकेको ।<br>• उपभोक्ता समितिले गर्ने कार्यहरुमा महिला तथा लक्षित समुहको सहभागिता हुनुको साथै उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एक जना महिला पदाधिकारी रहेको रहने गरेको र लाभान्वित समूहमा दलित, आदीवासी जनजाति, पिछडिएका समुदाय वर्ग, मधेशी, मुश्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनिहरुको समेत प्रतिनिधित्व रहेको । | • आफ्नो सम्पूर्ण कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने । |
| • सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता कम्तीमा ३३ प्रतिशत हुने गरेको ।<br>• अनुगमन, मूल्याङ्कन गर्दा समानता तथा सामाजिक समावेशी विकासका कार्यकमको संचालनवाट महिला र पुरुष तथा बिभिन्न जातजातिलाई पुगेको लाभ, असर र प्रभाव बिश्लेषण गर्ने गरेको ।<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति अवलम्बन गर्ने गरेको ।<br>• अनुगमन तथा मूल्यांकनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरेको । | |

iSkysoft

Remove Watermark Now

५. आन्तरिक संरचना

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| • आदिवासी जनजाति विकासको लागि गठित भएको समितिमा निर्देशिका बमोजिम महिला सहभागिता भएको ।<br>• लक्षित वर्ग उत्थानका लागि गठन भएको समितिमा निर्देशिका वमोजिम नै महिला सहभागिता भएको ।<br>• आदिवासी जनजाति र दलित वर्ग उत्थानका विकासको लागि गठन भएको समितिको पदाधिकारीहरु, लक्षित समूहहरुको कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय भूमिका रहेको ।<br>• महिला समन्वय समिति गठन भई नगरपालिकामा महिलाहरुको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका रहेको | |
| • महिला विकासको लागि छुट्टै कोषस्थापना भएको ।<br>• आदिवासी जनजाति, दलित अन्य लक्षित समूहका महिलाहरुको विकासका लागि वजेटको व्यवस्था गरी उनीहरुको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिनु ।<br>• कम्प्युटरमा लेखा प्रणली व्यवस्थापन गरिएको | • लैङ्गिक डेस्कको लागि बजेटको व्यवस्था गरी सो अनुसार कार्यक्रम पहिचान गरिनुपर्ने |
| • न.पा. अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरी सक्रिय रुपमा संचालनमा रहेको<br>• नगरपालिका एकीकृत योजना तर्जुमा समिति, बडा नागरिक मञ्चमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता हुनु ।<br>• महिला समन्वय समिति, आदिवासी जनजाति नगर समन्वय समिति, दलित वर्ग उत्थान नगर समन्वय समिति, बाल क्लब पिछडा वर्ग नगर समन्वय समितिको गठन गरी योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरि कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा यी समितिहरुवाट सहभागिता हुन सक्ने गरी सुनिश्चित गरिनु । | • |

iSkysoft

६. सुशासन

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|

Remove Watermark Now

| | |
|---|---|
| • नगरपालिकाले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाइ गर्ने गरेको ।<br>• महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको ।<br>• समीक्षा बैठकमा महिला, बालबालिका सबै जातजातिका विपिन्न बर्ग(आदिवासी जनजाति, दलित, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको ।<br>• महिला, बालबालिका सबै जातजातिका विपिन्न बर्ग, आदीवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठनागरिक लगायतलाई सेवा सुविधाहरु छिटो छरितो ढंगबाट दिने गरेको । | |
| • सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत र सूचनालाई आधार मानि योजना निर्माण गर्ने गरेको<br>• सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको<br>• स्थानीय निकायले आ-आफ्ना क्षेत्रका पन्जीकरणको तथ्यांक अध्यावधिक गर्ने गरेको | • नगरपालिकामा भएको सूचना अभिलेख र खण्डीकृत तथ्यांकलाई कम्प्युटरकृत गरिनुपर्ने । |
| • स्थानीय रेडियो, एफ.एम र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको ।<br>• स्थानीयस्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्गको सूचना शिक्षा र संचारको कार्यकमको प्रवाहबाट जनचेतनामा वृद्धि भएको ।<br>• स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्नवर्ग लगायत अन्य लक्षित समुहको सूचना,शिक्षा र संचारको कार्यक्रमको प्रवाहवाट यी वर्गहरुको जनचेतनामा अभिबृद्धि भई यी वर्गहरुको नगर विकास कार्यहरुमा सहभागिता वृद्धि हुनु ।<br>• स्थानीय पत्रकारहरुद्वारा स्थानीय स्तरमा सूचना प्रवाह गर्नु । | |

iSkysoft

Remove Watermark Now

७. मानव संसाधन र सम्वन्ध विस्तार

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| मानव संसाधन विकास केन्द्र र एकाइको व्यवस्था गरिनु । | • लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट श्रोतको व्यवस्था गरिनुपर्ने<br>• बैदेशिक रोजगारीमा जाने महिलाहरुको क्षमता विकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयन गरिनुपर्ने ।<br>• श्रोत व्यक्ति (महिला, पुरुष) हरुको सुचिकृत अभिलेख राखिनुपर्ने । |
| | • लैङ्गिक समानता तथा समावेशी विकासको लागि कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य गर्नुपर्ने ।<br>• लैङ्गिक समानता तथा समावेशी विकासको लगि विभिन्न कार्यालयहरुबीच कार्यगत संयन्त्र(संजाल) का प्रतिनिधिहरुलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरु प्रदान गर्नुपर्ने<br>• कर्मचारीहरुले आन्तरिक र वाहय श्रोत व्यक्तिहरु संग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव संम्बन्धी अध्ययन गर्नुपर्ने । |
| • योजना तर्जुमा गर्दा महिलाहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुनु ।<br>• | • ग्रमीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि , स्वास्थ्य र पूर्वधार सम्वन्धी) तयार गर्नुपर्ने ।<br>• लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावशीकरणका लागि अल्पकालीन र दीर्घकालीन योजना तयार गर्नुपर्ने<br>• महिलाहरुको लागि लोकसेवा आयोग पूर्व तयारी कक्षाका लगि तालिमको व्यवस्था गरिनुपर्ने । |

iSkysoft

८. नेपाल सरकारका लैङ्गिक तथा सामाजिक विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|

Remove Watermark Now

| | |
|---|---|
| • सहस्राब्दी विकासका लक्ष्यहरु प्राप्त गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट बिनियोजन गरी कार्यक्रमहरु समयमै सम्पन्न हुनु<br>• | • महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरुका बारेमा स्थानीय निकायका पदाधिकारीहरु व कर्मचारीहरुलाई जानकारी गराई सो को लागि अभिमुखीकरण गरिनुपर्ने ।<br>• बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरुका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन पनि गरिनुपर्ने |
| • महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको । | • महिला विरुद्ध हुने सबै खाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरि लैङ्गिक हिंसारहित नगरपालिका घोषणा गरी कार्यक्रम समयमै सम्पन्न गर्नुपर्ने ।<br>• महिला विरुद्ध सबै खाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरिनुपर्ने<br>• लैङ्गिक हिंसारहित नपा घोषणा गरी कार्यक्रम समयमै सम्पन्न गरिनुपर्ने ।<br>• १६ दिने महिला विरुद्ध हुने सबै खाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु स्थानीय निकायहरुले संचालन गर्ने गरी हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरुलाई सम्मान गर्ने कार्यक्रम गरिनुपर्ने । |
| • संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धि १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम विनियोजन गरी कार्यक्रमहरु समयमै सम्पन्न गरेको<br>• आदीवासी जनजातिहरुका विकासको लागि कार्यक्रमहरु यी वर्गहरुको सहभागितामा संचालन गर्ने गरेको । | • समाजमा रहेको विभिन्न जातिगत छुवाछुत सामाजिक सम्वन्धी कुरीति हटाउन कार्यक्रमहरु संचालन गरिनुपर्ने ।<br>• महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्य योजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदवाट पारित प्रस्ताव नम्वर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्य योजनामा स्थानीय निकायको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन गरिनुपर्ने । |

iSkysoft

ऊ. लैङ्गिकउत्तरदायी तथा सामाजिक समावेशीकरण बजेट तर्जुमाबाट आएका प्रमुख प्राप्तिहरु

- लैङ्गिकसम्वेदनशीलताका सन्दर्भमा दीर्घकालीन सोच तयार गरी त्यसको परिपूर्तिका लागि आवश्यक कार्ययोजना निर्माण गरियो ।
- लैंङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण गर्नुपर्ने देखियो ।

Remove Watermark Now

- लक्षित कार्यक्रम लक्षित समुदायमा नै कार्यान्वयन गराई उक्त समुदायमा निर्णय गर्ने परिपाटीको विकास गर्नका लागि कार्ययोजना निर्माण गरियो ।
- उपभोक्ता समितिको पदाधिकारीहरुमा अनिवार्य महिला र अन्य लक्षित समुदायको प्रत्यक्ष सहभागीता गराउनुपर्ने देखियो ।
- अनुगमन तथा सुपरीवेक्षण समितिको प्रभावकारी अनुगमन हुनुपर्ने देखियो ।
- लक्षित समुदायको विकासको लागि आन्तरिक संरचना बलियो र क्षमतावान हुनु पर्ने पाइयो ।
- कार्यविधिहरुको पालना गर्ने कुरा सबैभन्दा महत्वपूर्ण हुने कुरा छलफल गरियो ।
- सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षणलाई निर्धारित समयानुसार सम्पन्न गर्नुपर्ने देखियो ।
- लैङ्गिकसमावेशीका आधारमा उनीहरुको क्षमता विकास तथा जनशक्ति तयार गर्नुपर्ने देखियो ।
- सहश्राव्दी विकास लक्ष्य अनुसार नगरपालिकाको अवस्थाको विषयमा महशुसीकरण हुनुका साथै आगामी सुधारका विषयमा छलफल भयो ।

## ए. लैङ्गिकउत्तरदायी तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना

स्थानीय निकाय लैङ्गिकउत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८ बमोजिम आ.व. २०७२।०७३ को इलाम नगरपालिकाको कार्यालय इलामको लैङ्गिकबजेट परीक्षण सम्पन्न भएको छ । र उक्त बजेट परीक्षणको नतिजालाई माकुरे जालो विधिबाट विश्लेषण समेत गरीएको छ । लैङ्गिकबजेट परीक्षणबाट देखिएका सुधार गर्नुपर्ने सवालहरुलाई आगामी दिनहरुमा सुधार गर्ने उद्देश्यले निर्देशिका बमोजिम कार्ययोजना तयार गरिएको छ ।

iskysoft

**१. स्थानीय निकायको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास**

| उद्देश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| महिला पुरुष समविकासको नीति अवलम्बन गर्नु । | नगरपालिकाको निर्णायक तहमा (कर्मचारी /पदाधिकारी) महिलाहरुको समान प्रतिनिधित्व गराउने । | ३ महिना भित्र | | योजना शाखा |

**२. स्थानीय निकायको क्षमता विकास योजनामा लैंङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण**

| उद्देश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| नगरपालिकामा लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास बजेट विनियोजन गरी कार्ययोजना निर्माण गर्नु । | ➢ नगरपालिकाका पदाधिकारी/कर्मचारीहरुलाई लैङ्गिक तथा समाबेशी विकास सम्बन्धी तालिमका लागि पर्याप्त बजेट छुट्टाइ उक्त कार्यक्रममा महिला र पुरुषको समान सहभागिताको सुनिश्चितता गर्ने ।<br>➢ नगरपालिकाको क्षमता बिकास योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी,महिला समन्वय समिति एवं लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरुको क्षमता | तुरुन्त | | सम्बन्धित शाखा |

Remove Watermark Now

| | | | | |
|---|---|---|---|---|
| | विकास र क्षमता विकासको कार्ययोजनाका लागि पर्याप्त बजेटको व्यवस्था गर्ने। | | | |
| | | | | |

३. लक्षित कार्यक्रम

| उद्देश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिताको सुनिश्चितता गर्नु । | आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/ तथ्याँक संकलन गरी विपन्नता स्तरीकरण गर्ने । | ३ महिना भित्र | | सम्बन्धित शाखा |

४. लैङ्गिक तथा सामाजिक समावेशी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन

| उद्देश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| नगरपालिकाको योजना तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशी विकास गर्नु । | • स्थानीय निकायले आफ्नो क्षेत्रका समुदाय स्तरका आधारभूत सूचना तथ्याँक संकलन गरी खण्डीकृत तथ्याँकको समयसमयमा अध्यावधिक गर्ने<br>• योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरु को छुट्टाछुट्टै अवस्था बिश्लेषण र आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने ।<br>• स्थानीय निकायले योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रकिया अबलम्बन गरी कार्ययोजना तयार गर्ने ।<br>• वार्षिक योजना अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्य योजनाका सबै कियकलापहरु सम्पन्न गर्ने । | निरन्तर<br>असार मसान्तभित्र ।<br>असार मसान्त भित्र<br>२०७३/०७४ सम्म । | | योजना र सामाजिक विकास शाखा । |
| योजना कार्यान्वयनमा लैङ्गिक तथा समाजिक समावेशी विकास गर्नु । | नगरपालिकाको सम्पूर्ण कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने गर्ने । | २०७३/०७४ सम्म । | | सामाजिक विकास शाखा ‌। |

५. आन्तरिक संरचना



iskysoft

Remove Watermark Now

| उद्देश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| लैङ्गिकमैत्री वित्त तथा लेखा व्यवस्थापन गर्नु । | ➢ लैङ्गिक डेस्कको लागि कार्यक्रम पहिचान र बजेटको व्यवस्थापन गर्ने । | श्रावणदेखि | | सम्बन्धित शाखा । |

६. सुशासन

| उद्देश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| सूचना तथा अभिलेख व्यवस्थित गर्नु । | नगरपालिकामा रहेको खण्डीकृत तथ्याङ्कलाई कम्प्युटरकृत गर्ने । | तत्काल | | सम्वन्धित फाँट |

७. मानव संशाधन, सम्बन्ध विस्तार

| उद्देश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| मानव संशाधन व्यवस्थित गर्नु | • लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट श्रोतको व्यवस्था गर्ने ।<br>• बैदेशिक रोजगारीमा जाने महिलाहरुको क्षमता विकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने ।<br>• श्रोत व्यक्ति (महिला, पुरुष) हरुको सूचीकृत अभिलेख राख्ने । | असार मसान्तसम्म<br>श्रावणदेखि निरन्तर<br>१ महिनाभित्र | | सम्बनिधत शाखा |
| लैसाससको सम्बन्ध विस्तार गर्नु । | • लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत संयन्त्र(संजाल) निर्माण छलफल, क्षमता विकास तालिम र लैङ्गिक तथा सामाजिक प्रभाव संम्बन्धी अध्ययन गर्ने । | वर्षभरी | | सम्बन्धित शाखा |
| व्यावहारिक र रणनीतिक आवश्यक्ता | • लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरणका | असारसम्म | | सम्वन्धित फाँट |

iSkysoft

Remove Watermark Now

| | | | | |
|---|---|---|---|---|
| परिपुर्ति गर्नु । | लागि अल्पकालीन र दीर्घकालीन योजना तयार गर्ने ।<br>• महिलाहरुको लागि लोकसेवा आयोग पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था गर्ने । | मंसिर | | |

## ८. नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता

| उद्देश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन गर्नु । | • महिला विकासका लागि भएका बेइजिङ्ग घोषणापत्रका वाह्रवटा प्रतिवद्धताहरुका बारेमा स्थानीय निकायका पदाधिकारीहरु र कर्मचारीहरुलाई जानकारी गराई सो को लागि अभिमुखीकरण गर्ने ।<br>• बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरुका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन पनि गर्ने । | असार सम्म<br>वर्षभरी | | सम्वन्धित फाँट |
| महिला विरुद्ध हूने सवै खाले हिंसा निर्मूल गर्नु । | • महिला विरुद्ध हुने सबै खाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गर्ने<br>• लैङ्गिक हिंसारहित नपा घोषणा गरी कार्यक्रम समयमै सम्पन्न गर्ने ।<br>• १६ दिने महिला विरुद्ध हुने सबै खाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु स्थानीय निकायहरुले संचालन गर्ने गरी हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरुलाई सम्मान कार्यक्रम गर्ने । | तुरुन्त | | सम्बन्धित शाखा |
| नेपाल सरकारको सामाजिक समावेशी विकासको कार्यान्वयन गर्नु । | • समाजमा रहेको विभिन्न जातिगत छुवाछुत सामाजिक सम्वन्धी कुरीती हटाउन कार्यक्रमहरु संचालन गर्ने ।<br>• महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यन्वयनका लगि तयार गरिएको राष्ट्रिय कार्य योजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदवाट पारित प्रस्ताव नम्वर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्य योजनामा स्थानीय निकायको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरुमा रकम | तत्काल<br>असारसम्म | | सम्बन्धित शाखा |

iSkysoft

Remove Watermark Now

| | | | | |
|---|---|---|---|---|
| | विनियोजन गर्ने । | | | |

iSkysoft